Regd. No.: 392/047/048

महिला पुनर्स्थापना केन्द्र (ओरेक)
Women's Rehabilitation Center (WOREC)

मितिः २०७४ भदौ २०

# प्रेस विज्ञप्ति

## पृष्ठभूमि

मानव बेचबिखन तथा ओसारपसार एक विश्वव्यापी समस्याको रुपमा रहेको छ भने नेपाल पनि यो समस्याबाट अछुतो रहन सकेको छैन । मानव बेचबिखन एक गम्भिर अपराधका साथै मानव अधिकार उल्लंघनको सबैभन्दा निकृष्ट र लज्जास्पद उदाहरण हो । यो अपराध आधुनिक दासत्वको रुपमा महिला, पुरुष र बालबालिका जो कोहिलाई विभिन्न उद्देश्यले विशेषगरी श्रम तथा यौनशोषणका लागि हुने गरेको पाईन्छ । मानव बेचबिखन विश्वमै तेस्रो ठूलो संगठित अपराधको रुपमा रहदै आएको छ । विश्व इतिहासका विभिन्न कालखण्डमा दासत्व, बाध्यात्मक श्रम, बंधुवा श्रम, असुरक्षित, आप्रवासन, व्यावसायिक यौन शोषण, यौन दासत्व बाध्यात्मक विवाह, बाल विवाह, बाल श्रम, बाल दासत्व, धर्मपुत्रधर्मपुत्रीका रुपमा शोषण, मानव अङ्ग प्रत्यारोपण आदिका लागि समेत बेचबिखन हुने गरेको र समयको अन्तरालसँगै यो समस्याको स्वरुप र आयाममा परिवर्तन हुने गरेको पाईन्छ ।

## नेपाल सरकारबाट भएका सकारात्मक प्रयासहरु

पछिल्लो केहि वर्षहरुयता, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्ने हेतुले नेपाल सरकारले सकारात्मक रुपमा कानुनहरु निर्माण तथा परिमार्जनका प्रशसंनीय कार्यहरु गर्दै आएको छ । नेपाल सरकारले बिं सं. २०५२ सालमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय गठन गरेपछि मानब बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि विशेष प्रयासहरुको थालनी गरेको पाईन्छ । फलस्वरुप **"चेलीबेटी र बालबालिका बेचबिखन तथा देहव्यापार विरुद्धको राष्ट्रिय नीति २०५२** " तर्जुमा भएको थियो । **त्यसपछि २०६५ सालमा नेपाल सरकारले "यौन तथा श्रम शोषणका लागि महिला तथा बालबालिका बेचबिखन विरुद्धको राष्ट्रिय कार्ययोजना" तर्जुमा गरी कार्यान्वयनमा ल्याएको थियो** र केन्द्रिय स्तरदेखि स्थानीय स्तरसम्म विभिन्न संरचनाहरु निर्माण भए । केन्द्रमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको सचिवको संयोजकत्वमा सरोकारवाला निकाय तथा संघसंस्थाका प्रतिनिधिहरु सम्मिलित राष्ट्रिय स्तरका कार्यदल समेत गठन भयो । बदलिँदै गएको मानव बेचबिखन तथा ओसारपसारको समस्या र आयामहरुलाई चेलीबेटी बेचबिखन नियन्त्रण ऐनले सम्बोधन गर्न सकेन । यसर्थ **मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ र मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली २०६५** जारी भयो । यस्तैगरी बि.सं. **२०६८ मा मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरुको बेचबिखन तथा ओसार पोसार नियन्त्रण सम्बन्धी राष्ट्रिय कार्ययोजना तर्जुमा** भयो । साथै बि.सं. २०७१ **मा मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरुको बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी राष्ट्रिय कार्ययोजना, २०६८ को प्रभावकारी कार्यान्वयनको लागि कार्यान्वयन योजना** तयार पारी कार्यान्वयनमा ल्याएको छ । यी सबका बाबजुत पनि विभिन्न रुपमा मानव बेचबिखन तथा ओसारपसार बढ्दो छ ।

Balkumari, Lalitpur, P.O.Box : 13233, Kathmandu , Nepal Tel: (977)-01-2123124; (977)-01-5006373; (977)-01-5006374 Fax: (977)-01-5006271 Email : ics@worecnepal.org URL : www.worecnepal.org

सार्कको महासन्धीमा उल्लेखित मानवबेचबिखन विरुद्धको कार्यलाई नेपाल सरकारले आजकै दिनमा अनुमोदन गरेको थियो । यसै सन्दर्भमा हरेक वर्ष आजकै दिन (भदौ २० गते) मानव बेचबिखन विरुद्धको राष्ट्रिय दिवस सप्ताहा व्यापी कार्यक्रमहरुको आयोजना गरि मनाउँदै आएको हो । यसपटक पनि सरकारले **“अबको गन्तब्य : मानव बेचबिखनको अन्त्य भन्ने नाराका”** साथ यो दिवस मनाउँदै छ । यसपटकको नारालाई नारामा मात्र सिमित नगरी, व्यवहारमा लागु गरे मानव बेचबिखनको अन्त्य सम्भव छ र सरकार यदि साच्चिकै मानव बेचबिखन अन्त्यको लागि जवाफदेहि र जिम्मेवार छ भने मानव बेचबिखनको अन्त्य अवश्य सम्भव छ ।

**मानव बेचबिखन न्यूनिकरणका लागि सुझावहरु**

मानव बेचबिखन तथा ओसारपसारको अन्त्यका लागि : मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ लाई अन्तराष्ट्रिय मापदण्ड अनुरुप परिभाषित गर्नुपर्ने, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ र वैदेशिक रोजगार ऐन, २०६३ एकआपसमा अन्तरसम्बन्धित हुनेगरि सम्शोधन गर्नुपर्ने, सार्क महासन्धिलाई सम्शोधन गर्नुपर्ने, मानव बेचबिखन तथा ओसारपसार न्यूनिकरणका लागि व्यापक रुपमा जनचेतना अभिबृद्धिका कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी राष्ट्रिय कार्ययोजना प्रभावकारी कार्यान्वयनका लागि बजेट विनियोजन गर्नुपर्ने र कार्ययोजना अनुरुपका कार्यहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने, मानव बेचबिखनबाट प्रभावितहरुको न्यायमा पहुँच बृद्धि गर्न छिटो, सजिलो र प्रभावितमैत्री न्याय प्रणालीको व्यवस्था तथा कार्यान्वयन गर्नुपर्ने, प्रभावितहरुको गोपनीयता पुर्ण रुपमा कायम गर्दै, प्रभावितहरुको न्यायमा पहुँच बृद्धि गर्न साक्षि सुरक्षा तथा परिवारको सुरक्षाको समेत ग्यारेण्टि गर्नुपर्ने, प्रभावितहरुलाई पुर्ण रुपमा कुनै पनि हिंसा र शोषणमुक्त जीवनयापन गर्नका लागि आवश्यक सहयोग उपलब्ध गराउनुपर्ने, मानव बेचबिखनबाट प्रभावितहरु र उनका सन्तानको नागरिकताको अधिकार सुनिश्चितासँगै लैङ्गिक समानतामा आधारित नागरिकता वितरणको व्यवस्था गर्नुपर्ने र समुदायमा अधिकारमुखि तथा समतामुलक जनचेतना बृद्धि आदी जस्ता कार्यहरु सञ्चालन गर्नका लागि हामी नेपाल सरकारलाई हार्दिक अनुरोध गर्दछौ ।

धन्यवाद



अभिराम राय

कार्यक्रम निर्देशक